मिति २०८३।०६।२८ गते बुधबार (थारु संवत २६४९) बसेको नगरकार्यपालिका बैठकको निर्णयहरु

(बैठक नं. १९७)

प्रस्तावः

१. वडा दशैंको शुभकामना सम्बन्धमा।

२. अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णय समिक्षा सम्बन्धमा।

३. ठेक्काको म्याद थप सम्बन्धमा।

४. कार्यविधि स्वीकृत तथा संशोधन सम्बन्धमा सम्बन्धमा।

५. विद्यालयले भोग चलन गरेको जग्गा श्रेष्ता कायमका लागि सिफारिस गर्ने सम्बन्धमा।

६. रुख कटानका लागि अनुमती दिने सम्बन्धमा।

७. संक्षिप्त वातारणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।

८. राजश्व फिर्ता गर्ने सम्बन्धमा।

९. विद्युतीय चुलो वितरण सम्बन्धमा।

१०. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।

११. विविध

स्थानीय सरकार घोराही उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश दाङ, नेपाल

निमित्त प्रमुख प्रशासकीय अधि...

नरुलाल चौधरी
नगर प्रमुख

स्थानीय सरकार घोराही उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश दाङ, नेपाल

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

निर्णय नं. १

नेपालीहरुको महान चाड बडा दशैं २०८३ को सुखद अवसरमा सम्पूर्ण नगरवासी, कर्मचारी, जनप्रतिनिधि तथा देश-विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, सुस्वास्थ्य, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो।

निर्णय नं. २

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

निर्णय नं. ३

पूर्वाधार विकास महाशाखाबाट पेश भएका तपसिल बमोजिमका खरिद सम्झौताको म्याद थप गर्ने निर्णय गरियो।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | पहिलो पटक म्याद थप |
|---|---|---|---|---|---|---|
| १ | NCB/WORKS/GSMC/19/082/083 | दाङ जिल्ला घोराही उपमहानगरपालिका वडा नं. १४ घोराही उपमहानगरपालिका वडा नं. १४ र १५ मा अपाङ्गमैत्री हरित फुटपाथ सडक बत्ती तथा नाला निर्माण | प्रतिमा निर्माण सेवा, घोराही १५ दाङ | २०८३।०२।२५ | २०८३।०३।२५ | २०८३।०९।२९ |
| २ | NCB/WORKS/GSMC/05/082/083 | चौकी भवन निर्माण वडा नं १९, अधुरो स्वास्थ्य चौकी भवन निर्माण वडा नं ०९, सहरी स्वास्थकेन्द्र निर्माण तथा इस्तरुन्नती अधुरो स्वास्थ्य वडा नं ११, सहरी स्वास्थ्य चौकी भवन अधुरो निर्माण वडा नं ०८ निर्माण | श्री.सुर्या ए.बी.सि निर्माण सेवा राजपुर-१ | २०८२/१२/२२ | २०८३/०३/२५ | २०८३/०८/१५ |
| ३ | SQ/WORKS/GSMC/01/082/083 | नारायणपुर अधुरो स्वास्थ्य चौकी भवन निर्माण वडा नं १०, स्वास्थ्य चौकी पर्खाल भवन निर्माण घोराही-१२ | श्री.सुर्या ए.बी.सि निर्माण सेवा राजपुर-१ | २०८३/०१/३० | २०८३/०३/२५ | २०८३/०८/१५ |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | NCB/WORKS/GSMC/12/082/083 | अम्बापुर मुलखोला मर्मत, सालधारी तालमा वितरण प्रणाली तथा सिंचाही संरचना निर्माण, पुरीखेत सिंचाही योजना | श्री.सुर्या ए.बी.सि निर्माण सेवा राजपुर-१ | २०८३/०१/०८ | २०८३/०३/२५ | २०८३/०९/२७ |
| ५ | NCB/WORKS/GSMC/18/082/083 | ढुङ्गाहान्ने खानेपानी योजना वडा नं.२, मसोट खानेपानी योजना वडा नं.३ गुरौ खानेपानी योजना वडा नं.१३ | श्री.सुर्या ए.बी.सि निर्माण सेवा राजपुर-१ | २०८३/०१/३० | २०८३/०३/२५ | २०८३/०९/२७ |
| ६ | NCB/WORKS/GSMC/11/082/083 | दाङ जिल्ला घोराही-१२ नयावन हुदै टिकरी मैना चोकदेखि तल्लो टिकरी जगल्टे हुदै घोराही-१२ वडा कार्यालयसम्म सडक स्तरोन्नती, घोराही गुलरीया सडक घोराही उप-महानगरपालिका-१६ दाङ, घोराही-१८ अम्बापुर महालक्ष्मी टोलको चेतमान श्रेष्ठको घरदेखि अम्बिकेश्वरी सम्म पक्की नाला निर्माण,दाङ जिल्ला घोराही-१८ कालीका टोलदेखी वह्रमचारी टोलसम्म सडक स्तरोन्नती | श्री राज एन निर्माण सेवा, गंगादेव-३ रोल्पा | २०८३/०१/१४ | २०८३/०३/२५ | २०८३/१२/३० |
| ७ | NCB/WORKS/GSMC/16/081/082 | पोस्टबहादुर बोगटी स्मृति प्रतिस्टान दाङ्ग शाखाको भवन निर्माण घोराही १८ | जगधात्री कन्ट्रक्सन एंड सप्लायर्स | २०८१/१२/०३ | २०८२/०३/२५ | २०८३।०७।३० (दोस्रो पटक म्याद थप) |
| ८ | NCB/WORKS/GSMC/28/081/082 | वडा नं १३ कात्तिके डाडामा आधारभूत स्वास्थ्य चौकी निर्माण | जेन्सन कन्ट्रक्सन एंड जेन्सन सप्लायर्स, बाघचौउर -१०, सल्यान | २०८२/०२/१६ | २०८२/०३/२५ | २०८३।०७।३० (तेस्रो पटक म्याद थप) |
| ९ | NCB/WORKS/GSMC/13/082/083 | घोराही-१३ वाह्रकुने मन्दिर परिसरमा जेष्ठ नागरिक भवन निर्माण | माता कन्सट्रक्सन एण्ड सप्लायर्स घोराही-१७ | २०८३/०१/२३ | २०८३/०३/२५ | २०८३।०६।२९ |

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
दाङ, नेपाल

नरुलाल चौधरी
नगर प्रमुख

निमित्त प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | NCB/WORKS/ GSMC/04/081/ 082 | वडा नं.१५ जनप्रतिभा टोलमा सडक स्तरउन्नती एकता टोल एमाले पार्टी कार्यालयनेर अधुरो सडक पिच जनविहानी टोल भरत अधिकारीको घरदेखि माया शर्माको घरहुदै वसन्त शर्माको घरसम्म नाला सहित सडक पिच; लालीगुरास टोलमा अधुरो सडक पिच वडा नं.१५ बुद्धनगर चोक ख देखि कस्तुरी टोलसम्म बाटो स्तरोन्नती, विद्यानगर टोल भद्र पुनको घरदेखि मान बहादुर महराको घरसम्म पिच र राजधानी टोल रुद्र वि.क.को घरछेउमा पानी निकासको लागी नाला निर्माण | पञ्चकोशी/ भुमिराज जे.भी. ना.न.पा. वडा नं. १ | २०८३।११।२३ | २०८२।०३२५ | २०८३।१२।३० |

निर्णय नं. ४

४.१ घोराही उपमहानगरपालिकाको पूर्वाधार विकास महाशाखाबाट पेश भई आएको उपभोक्ता समिति गठन तथा संचालन सम्बन्धी कार्यविधि २०८३ माथि दफाबार छलफल गरी परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो।

४.२ आन्तरिक व्यवस्थापन तथा खरिद शाखाबाट पेश भएको यान्त्रिक तथा सवारी साधनहरुको सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०७९ (संशोधन २०८३) स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ५

घोराही उपमहानगरपलिका वडा नं. ६ स्थित श्री माध्यामिक विद्यालय जजरागाउँले लामो समयदेखि भोगचलन गर्दै आएको साविक सौडियार गा.वि.स. वडा नं. १ मा रहेको साविक भैसकुर्मा वडा नं. २क कित्ता नं. ७५५, ५९२ र ७३७ को जम्मा क्षेत्रफल १६,५७७।८३ वर्ग मिटर सरकारी जग्गा विद्यालयले लामो समयदेखि भोगचलन गर्दै आएकोले उक्त जग्गा विद्यालयको नाममा श्रेस्ता कायम (पुर्जा प्राप्ति) का लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो।

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
दाङ, नेपाल

नरुलाल चौधरी
नगर प्रमुख



निमित्त प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

निर्णय नं. ६

घोराही उपमहानगरपालिका वडा नं. ११ स्थित श्री प्रा.वि. शिवपुरको नाममा दर्ता भएको साविक हापुर विजौरी वडा नं. ६घ कि.नं. ६८ को जग्गा ८-१६-१० मा हुर्के बढेका विभिन्न कुकाठ जातका रुखहरु कटानका लागि विद्यालय व्यवस्थापन समितिको मिति २०८३।०२।०५ को निर्णय, नारायणपुर सव डिभिजन वन कार्यालयवाट तयार गरिएको प्राविधिक मुल्याङ्कन रिपोर्ट सहित पेश भई आएकोले वन नियमावली, २०७९ संशोधन सहितको नियम ३७को उपनियम १ मा रहेको व्यवस्था अनुरुप नारायणपुर सव डिभिजन वन कार्यालयवाट तयार गरिएको प्राविधिक मुल्याङ्कन रिपोर्टको सिमाभित्र कुकाठ जातका रुख कटानी गरी हटाउन विद्यालयलाई सहमती प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ७

७.१ घोराही उपमहानगरपालिकाको वडा नं. ११ अन्तर्गत ससिला कुमारी श्रेष्ठको नाममा रहेको साविक नारायणपुर १(क) कि.नं. ५७ क्षेत्रफल ०-१-७ (वि.क.धु.) को निजि जग्गाबाट माटो संकलन/उत्खनन प्रयोजनको लागि भुमी व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ को दफा १७ को उपदफा (१) बमोजिम अनुसूची २ को ढाँचामा रारा इञ्जिनियरिङ कन्सल्टेन्सी सुनिल स्मृति ४ रोल्पाबाट तयार भएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

७.२ घोराही उपमहानगरपालिकाको वडा नं. ११ बस्ने निमा चौधरीको नाममा रहेको साविक नारायणपुर १(क) कि.नं. ८४ क्षेत्रफल ०-१-१३ (वि.क.धु.) को निजि सम्याइ खेतीयोग्य बनाउने प्रयोजनको लागि भुमी व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ को दफा १७ को उपदफा (१) बमोजिम अनुसूची २ बमोजिमको ढाँचामा रारा इञ्जिनियरिङ कन्सल्टेन्सी सुनिल स्मृति ४ रोल्पाबाट तयार भएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

निर्णय नं. ८

घोराही उपमहानगरपालिकाबाट आव्हान भएको ठेक्काका लागि Jenish and Jenisha Nirman Sewa Pvt. Ltd. को Bid Document खरिदका लागि भुलवस U & Y Builders Pvt. Ltd. को नामबाट रकम रु.३०,०००।- जम्मा हुन गएकोले उक्त जम्मा भएको रकम सम्बन्धीत व्यवसायी U & Y Builders Pvt. Ltd. लाई राजश्व व्यवस्थापन शाखा र पूर्वाधार विकास महाशाखाबाट एकिन गरी फिर्ता दिने निर्णय गरियो।

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
दाङ, नेपाल

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

निर्णय नं. ९

वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र यस घोराही उपमहानगरपालिकाविच भएको सम्झौता बमोजिम यस उपमहानगरपालिकालाई प्राप्त हुने १३०० थान विद्युतीय चुलो लागत साझेदारीमा वितरणका लागि सबै वडालाई दामासाहीले उपलब्ध गराउने साथै वडालाई प्राप्त विद्युतीय चुलो १६ एमपियर क्षमताको विद्युत जडान गरेका घरपरिवारलाई वितरण गर्ने व्यवस्था वडा कार्यालयले मिलाउने गरी निर्णय गरियो।

निर्णय नं. १०

घोराही उपमहानगरपालिका भित्र रहेका नदीघाटहरुबाट नदीजन्य पदार्थ उत्खननका सम्बन्धमा पूर्वाधार विकास महाशाखाबाट पेश भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन(IEE) स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ११

११.१ घोराही उपमहानगरपालिका वडा नं. १२ स्यानी बगिया बस्ने गन्ज्या चौधरीको छोरा नविन चौधरी रसुवा जिल्लामा सडक मजदुरको कार्यरत रहेको मिति २०८३ भदौ १० गते आएको विनासकारी बाढीपछि वेपत्ता भएकोले निजको खोजतलासका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि वडा कार्यालयको सिफारिससाथ अनुरोध भई आएकोले निजलाई सहयोग स्वरुप रकम रु.१५,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

११.२ घोराही उपमहानगरपालिका वडा नं. १२ बस्ने तुलसा डाँगी दुर्घटनामा परी टाउकोमा चोट लागि उपचाररत रहेको निजको आर्थिक अवस्था कमजोर रहेकोले उपचारका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि १२ नं. वडा कार्यालयको सिफारिससाथ अनुरोध भई आएकोले निजलाई उपचारमा भएको खर्चको विल अनुसार सहयोग रकम रु. ७,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

११.३ घोराही उपमहानगरपालिका वडा नं. १० बस्ने खिम बहादुर डाँगीको श्रीमती प्रेम कुमारी डाँगी उपचारको क्रममा मिति २०८३।०५।२८ गते मृत्यु भएको निजको पारिवारिक आर्थिक अवस्था निकै कमजोर रहेकोले आर्थिक सहायताका लागि १० नं. वडा कार्यालयबाट सिफारिससाथ अनुरोध भई आएकोले निजको परिवारलाई काजकिरियाका लागि आर्थिक सहयोग स्वरुप रकम रु.७,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
दाङ, नेपाल

नरुलाल चौधरी
नगर प्रमुख

निमित्त प्रमुख प्रशासकीय अधिकृत

निमित प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

११.४ घोराही उपमहानगरपालिका वडा नं. ६ बस्ने गोकर्ण दमाईको आमा हरिकला दमाई मिति २०८३।०५।१० गते मृत्यु भएको निजको पारिवारिक आर्थिक अवस्था निकै कमजोर रहेकोले आर्थिक सहायताका लागि ६ नं. वडा कार्यालयबाट सिफारिससाथ अनुरोध भई आएकोले निजको परिवारलाई काजकिरियाका लागि आर्थिक सहयोग स्वरुप रकम रु.७,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

११.५ घोराही उपमहानगरपालिका वडा नं. १७ बस्ते रविलाल पुनमगरलाई क्यान्सर उपचारमा भएको खर्चको विल अनुसार सहयोग रकम रु. ७,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

११.६ घोराही उपमहानगरपालिका वडा नं. १४ बस्ने आइत बादीलाई फोक्सोमा भएको क्यान्सर उपचारका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि १४ नं. वडा कार्यालयको सिफारिससाथ अनुरोध भई आएकोले निजलाई उपचारमा भएको खर्चको विल अनुसार सहयोग रकम रु. ७,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

११.७ घोराही उपमहानगरपालिका वडा नं. १७ बस्ने भदरे चौधरीको छोरा दुर्गा प्रसाद चौधरी विरामी भई उपचाररत रहेको र निजको आर्थिक अवस्था कमजोर रहेकोले उपचारका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि १७ नं. वडा कार्यालयको सिफारिससाथ अनुरोध भई आएकोले निजलाई उपचारमा भएको खर्चको विल अनुसार सहयोग रकम रु. ७,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

११.८ घोराही उपमहानगरपालिका वडा नं. ५ बस्ने सीता विश्वकर्मा विरामी भई उपचाररत रहेको र निजको आर्थिक अवस्था कमजोर रहेकोले उपचारका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि ५ नं. वडा कार्यालयको सिफारिससाथ अनुरोध भई आएकोले निजलाई उपचारमा भएको खर्चको विल अनुसार सहयोग रकम रु. ७,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

१२.९ घोराही उपमहानगरपालिका वडा नं. ८ बस्ने राजु वि.क. दुर्घटनामा परि गम्भिर चौट लागि उपचाररत रहेको र निजको आर्थिक अवस्था कमजोर रहेकोले उपचारका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि ८ नं. वडा कार्यालयको सिफारिससाथ अनुरोध भई आएकोले निजलाई उपचारमा भएको खर्चको विल अनुसार सहयोग रकम रु. ७,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

११.१० प्राज्ञिक विद्यार्थी परिषद नेपाल केन्द्रिय कार्यालय काठमाण्डौलाई महिला सुरक्षा स्वास्य स्वावलम्बन आत्मरक्षासम्वन्धी मिसन साहसी अभियानको राष्ट्रिय कार्यशाला सञ्चालनकालागि आर्थिक सहयोग माग भएकाले कार्यशालामा भएको खर्चको विल भर्पाई अनुसार सहयोग रकम रु.१०,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।



प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

नरुलाल चौधरी
नगर प्रमुख

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नरलाल चौधरी
नगर प्रमुख

११.११ चालु आ.व.२०८३/०८४को स्वीकृत कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययनरत तोकिएका कक्षाका छात्राहरुको लागि स्यानीटरी प्याड व्यवस्थापनको लागि विनियोजित बजेट तथा कार्यक्रम, कार्यक्रम कार्यान्वन कार्यविधि २०८३ (शिक्षा) बमोजिम प्रतिविद्यालय, प्रति छात्रा र कार्यविधिले निर्धारन गरेको दररेटले हुन आउने रकम सम्वन्धीत विद्यालयमा निकासा गर्ने र विद्यालयले व्यवस्थापन गर्ने स्यानीटरी प्याडको गुणस्तर तथा वितरण सम्बन्धमा अनुगमन गर्ने निर्णय गरियो।

११.१२ नारायणपुर खानेपानी तथा सरसफाइ उपभोक्ता समिति अन्तर्गत बबई लिफ्टिङ आयोजनाको कार्य सम्पन्न गर्नका लागि समिति मार्फत जम्मा गर्नुपर्ने ५ प्रतिशत रकम ऋण लिन नगर विकास कोषमा सिफारिस गर्ने निर्णय गरियो।

११.१३ घोराही उपमहानगरपालिका उपरमा पर्न आउने मुद्दा मामिलाहरु प्रतिवाद/दायर गर्न तथा न्यायीक समितिको कार्यसम्पादनलाई व्यवस्थित गर्नको लागि सार्वजनिक खरिद ऐन २०६३को दफा ४१ र सार्वजनिक खरिद नियमावली २०६४ संशोधन सहितको नियम ८५ को उपनियम (१) खण्ड क१ बमोजिम सिधै खरिद गर्न सकिने कानुनी व्यवस्था अनुसार अधिवक्ता श्री भुप बहादुर के.सी.सँग यस अघि भएको सम्झौताको अवधि २०८३ असार मसान्तमा समाप्त भएको र यस कार्यालयलाई निरन्तर रुपमा आवश्यक पर्ने कानुनी सल्लाह, परामर्श तथा बहस पैरवी समेत कार्यको लागि अधिवक्ता श्री भुप बहादुर के.सी.सँग २०८३ साल श्रावण १ गतेदेखि २०८४ असार मसान्तसम्मको लागि यस पूर्व उपलब्ध गराइएको सेवा सुविधामा नबढनेगरी कानुन सेवा/परामर्श सेवा लाई निरन्तरता दिने निर्णय गरियो।

११.१४ घोराही उपमहानगरपलिका वडा नं. १५ स्थिति दामोदर चोकमा नाला र स्ल्याव निर्माण गर्न अत्यावस्यक भएकोले प्राविधिक लागत अनुमान तयार गरी कन्टेन्जेसी शीर्षकबाट खर्च हुने गरी तत्काल निर्माण गर्न पूर्वाधार विकास महाशाखालाई निर्देशन दिने।

स्थानीय सरकार
घोराही उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
दाङ, नेपाल

निमित्त प्रमुख प्रशासकीय अधिकृत

नरलाल चौधरी
नगर प्रमुख